माई नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:४** **संख्या :६** **प्रमाणित मिति:२० ७८ अशोज २९**

## भाग २

## मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि-२०७८

**माई नगरपालिका इलाम ,**

# मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि-२०७८

कार्यपालिकामा पेश मिति: २०७८/०५/२९
कार्यपालिकाबाट पारित मिति: २०७८/०५/२९
प्रमाणित मिति: २०७८/०५/२९

**प्रस्तावना:** माई नगरपालिकाको आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा उत्पादन र उत्पादकत्वमा आधारित व्यवसायिक पशुपालन एवं मासु, माछा, अण्डा तथा छालाको प्रवर्धनको लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने नीति, आर्थिक वर्ष २०७८/७९ मा पशु पंक्षी तर्फ विनियोजित बजेटमा सार्वाजनिक निजी साझेदारीमा मासु पसल सुधार कार्यक्रमको लक्ष्य रहेको हुँदा उक्त कार्यक्रम संचालन गर्नकालागि मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्याबसायिक बनाउदै स्वच्छ, सफा, स्वस्थ एवं गुणस्तरीय पशु तथा पशुजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहजरुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि यस नगरपालिकाबाट संचालन हुने मासु पसल सुधार कार्यक्रम सार्वजनिक निजी साझेदारीको आधारमा निश्चित विधि र प्रक्रिया अन्तर्गत एकरुपता कायम राखी संचालन हुन सकोस भन्ने अभिप्रायले "मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि - २०७८" माई नगरपालिका (कार्यपालिका) बाट स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ:

क. यस कार्यविधिको नाम "मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८" रहनेछ ।

ख. यो कार्यविधि माई नगरपालिका कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुने छ ।

२. परिभाषा:

क. "कार्यालय" भन्नाले माई नगरपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख. "गैर सरकारी क्षेत्र" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायमा कानुन सम्बत दर्ता भएको कृषक समूह वा समिति वा सहकारी वा संस्था वा सामुदायिक संस्था वा व्याबसायिक संगठन वा फर्म वा कम्पनि एवं निजि व्यावासायलाई समेत जनाउछ ।

ग. "प्रस्ताब" भन्नाले साझेदारिमा कार्यक्रम संचालान गर्नका लागि आवस्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्दछ ।

घ. "मासु पसल" भन्नाले उपोभोक्ताहरुलाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु बिक्रि वितरण गर्ने हेतुले कानुनले निर्दिष्ट गरे बमोजिमको मासु बिक्रि स्थल सम्झनु पर्दछ ।

ङ. "मुल्यांकन समिति" भन्नाले सम्बन्धित कार्यक्रमको प्रस्ताव छानौट, कार्वान्वयन र अनुगमन, मुल्यांकनका लागि यस कार्यविधि बमोजिम गठन भएको समितिलाई बुझ्नु पर्ने छ ।

च. “सहकारी” भन्नाले नेपाल सरकारको सहकारी ऐन २०७४ अनुसार गठित सहकारी संस्थालाई बुझ्नु पर्ने छ ।

छ. “साझेदार” भन्नाले सार्वजनिक निजि साझेदारी कायक्रम लागत सहभागितामा संचालित गर्नका लागि ईच्छुक संघ संस्था वा निजी क्षेत्र समेतलाई जनाउदछ।

## परिच्छेद- २

## साझेदारी सम्बन्ध

३. साझेदारी सम्बन्धि व्यबस्था:

क. यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम वजेट र अख्तियारी बमोजिम निम्न बमोजिमका कार्यक्रमहरु संचालन गर्नका लागि साझेदारी गर्न गराउन सक्नेछ

| क्र. स. | कार्यक्रम | सम्भावित सझेदारिहरु | अधिकतम साझदारी रकम रु. |
|---|---|---|---|
| १ | मासु पसल सुधार कार्यक्रम | मासु व्यावसायि संघ वा समिति, व्यवसायी फर्म, कम्पनि, निजि संस्था | स्वीकृत कार्यक्रमको विनियोजित वजेट अनुसार हुने |

ख. साझेदारी कार्यक्रममा यस नगरपालिकाले कुनै निश्चित कार्यक्रम संचालन गर्नका लागि प्रदान गर्ने अनुदान रकमलाई ५०% मानि बाँकी ५०% रकम सम्बन्धित साझेदारले आफ्नो आन्तरिक श्रोतबाट लगानी गरि कार्यक्रम सम्पन्न गर्नु पर्ने छ । साथै जग्गाको मूल्यलाई साझेदारी रकममा संलग्न गर्न पाइने छैन ।

ग. साझेदारी कार्यक्रममा प्रस्ताव छनौट गर्दा सरकारी निकायहरुवाट बिगत दुइ वर्ष भित्र अनुदान प्राप्त गरि सन्तोषजनक कार्य नभएका साझेदारहरुलाई व्यवसाय संचालनका लागि छनौट गरिने छैन ।

घ. एक पटक अनुदान प्राप्त गरेका व्यवसायीलाई कम्तिमा अनुदान कार्यक्रम्तार्फा पाँच वर्ष अनिवार्य व्यवसाय अवधि तोकिने छ ।

ङ. अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्राचालित कानुन बमोजिम कारवाही गरिने छ ।

४. <u>प्रस्ताव आव्हान र पेश गर्ने बिधि:</u>

क. सम्बन्धित शाखाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार १५ दिने सुचना प्रकासन गरि साझेदारीमा संचालन हुने कार्यक्रमका लागि प्रस्ताव आव्हान गरि नगरपालिका एवं प्रत्येक वडाको सुचाना पाटिमा र नगरपालिकाको सामाजिक संजालमा अनिवार्य रुपले टाँस गरेर प्रकासित गरिने छ ।

ख. ईच्छुक साझेदारले सुचनामा उल्लेख भए बमोजिमको अवधि भित्र प्रस्ताव, आवस्यक कागजातहरु र निबेदन सहित सम्बन्धित शाखामा पेश गर्नु पर्ने छ ।

ग. रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

५. <u>म्याद थप सम्बन्धि व्यवस्था:</u>

क. सम्बन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु तोकिएको वार्षिक लक्ष पुग्ने गरि छनौट हुने संख्यामा दर्ता हुननआएको खण्डमा कार्यालयले कार्यक्रमको लागि म्याद थपको सुचना प्रकाशन गर्न सक्नेछ ।

६. <u>मुल्यांकन तथा छनौट समिति:</u>

क. सम्बन्धित शाखामा पेश हुन आएका प्रस्तावहरु मुल्यांकन गरि छनौट गर्नका लागि देहाय वमोजिमको समिति गठन गर्ने छ ।

| | | |
|---|---|---|
| क. | प्रमुख प्रसासकिय अधिकृत: | संयोजक |
| ख. | आर्थिक प्रशासन शाखा हेर्ने अधिकृत वा निजले तोकेको प्रतिनिधि: | सदस्य |
| ग. | पूर्वाधार बिकास शाखा प्रमुख | सदस्य |
| घ. | कृषि बिकास शाखा प्रमुख | सदस्य |
| ङ. | पशु सेवा शाखा प्रमुख: | सदस्य सचिब |

ख. उपदफा क वमोजिम गठन भएको समितिले मुल्यांकन गर्नु भन्दा अगाडी आवेदकबाट पेश भएका प्रस्तावहरुको स्थगत अनुगमन गरेको प्रतिवेदनको आधारमा मुल्यांकन गरि छनौट गरिने छ ।

ग. यसरि छनौट र अनुमोदन भएका आवेदकहरुलाई १५ दिन भित्र सम्झौताका लागि बोलाइनेछ ।

७. <u>सम्झौता:</u>

क. सम्बन्धित कार्यालयले दफा ६ वमोजिम छानौत् भएका आवेदकहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न यस नगरपालिकाको सम्बन्धित शाखा प्रमुख र सम्बन्धित साझेदार संग सम्झौता गरिने छ ।

ख. सम्झौतामा उल्लेखित बुंदाहरुलाई साझेदारी कार्यक्रम संचालनको मूल आधार मानिने छ ।

८. <u>भुक्तानी प्रक्रिया:</u>

क. अनुदान रकमको भुक्तानि कार्य सम्पादनको प्रगतिको आधारमा नगरपालिकाको अनुगमन पश्चात गरिने छ ।

९. <u>मासु पसल निर्माण वा सुधार कार्यक्रम</u>

क. माई नगरपालिकाले मासु पसल निर्माण वा सुधार कार्यक्रम संचालन गर्नका लागि बार्षिक स्वीकृत कार्यक्रम वमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रक्रियाहरु अवलम्बन गर्ने छ ।

ख. यस कार्यक्रम संचालन गर्दा मासुको कारोवारमा संलग्न वा यसलाई व्यवस्थित गर्न गर्न चाहने मासु व्यवसायी वा अन्य संघ, संस्थाले प्राथमिकता पाउनेछ।

ग. कार्यक्रम सकभर घना बस्ति वा केन्द्रलाई लक्षित गरि संचालन गरिनेछ ।

घ. निर्माण वा सुधार गरिएको मासु पसल नियामानुसार सरकारी निकायमा आधिकारिक दर्ता र नवीकरण हुनु पर्ने छ ।

ङ. यस कार्यालयवाट प्रदान गरिने अनुदान रकम निम्न कार्यको लागि खर्च गर्न सकिने छ

- क. स्वच्छ पानीको व्यवस्था (ओभर हेड ट्यांकी, पाइप फिटिङ , पानि तान्ने मोटर जडान आदि ।
- ख. मासु पसलको कोठा बनाउने, भित्ता र भुइमा टायल लगाउने ।
- ग. पशुबस्तु बध गर्दा निस्किने फोहोर व्यवस्थापन ।

घ. शौचालय वाशिंग बेसिन निर्माण वा सुधार ।

ङ. पशुको जात अनुसारको मासु अलग अलग राखी बेच्नका लागि शिसाको ।पार्टिसन ।

च. पशु बस्तु काट्ने, भुत्लाउने र सफा गर्ने स्थान निर्माण ।

छ. ताजा मासु राख्ने डिपफ्रिज, फ्रिज आदिको व्यवस्था ।

ज. उपकरण खरिद जस्तै: मासु झुन्डाउने हक, स्टेनलेस स्टिल टेबुल, चपिंग टेबुल, चक्कुहरु, तराजु, अचानो आदि ।

च. सुधारिएको मासु पसल देहायको मापदण्ड अनुसारको हुनुपर्नेछ ।

क. ठुलो आकारको मासु पसलको क्षेत्रफल न्युनतम १२ फिट चौडाई र २० फीट लम्बाई भएको तथा सानो पसलको हकमा लम्बाई १२ फीट र चौडाई १० फीट भएको ।

ख. पसलको उचाई १० फीट काएम रहने गरि सिलिंग राखिएको र सिलिंग धुलो मैलो नखस्ने र पानि नाताप्किने किसिमको ।

ग. भित्ताको भित्रि भागमा ६ फीट उचाईसम्म सेतो रंगको टायल लगाई त्यस भन्दा माथि सेतो रंग लगाएको ।

घ. भुइँ नाचिप्लिने, पानि नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल वा मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको ।

ङ. मासु पसलमा सफा पनि प्रयोग गर्ने गरिएको ।

च. मासु पसल हावादार र बिजुलीको सुबिधा भएमा ट्युबलाइट प्रयोग भएको।

छ. मासु काट्ने औजार वा उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले बनेको ।

ज. मासु राख्ने कोठामा सुर्यको प्रकास सिधै नपर्ने ।

झ. मासु टुक्राउने अचानो सफा र प्रयोग नभएको बखत छोपेर राखिएको ।

ञ. मासु पसलमा काम गर्ने व्यक्तिले अप्रोन, गम बुट, मास्क र ग्लोब लगाएको ।

ट. पसलमा झिंगा वा अवान्छित जीवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको ।

ठ. अन्य कुराहरु सम्बन्धित प्राबिधिकको परामर्श बमोजिम हुनु पर्नेछ ।

## परिच्छेद- ३

## विविध

१०. अनुगमन तथा मुल्यांकन: यस नगरपालिकाको अधिकार प्राप्त व्यक्तिवाट यस कार्यक्रमको अनुगमन हुने छ ।

११. कारवाही व्यवस्था: प्रताव स्वीकृत भएका कृषकहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरि सरकारी रकम असुल उपर गरिने छ ।

१२. कार्यविधि संसोधन तथा परिमार्जन: यस कार्यपालिकाबाट यस कार्यविधि आवस्यक परिमार्जन एवं संसोधन गर्न सकिने छ ।

# अनुसूची १
## प्रस्तावको मुल्यांकन

| क्र. स | मुल्यांकनको आधार | भार | प्राप्तांक |
|---|---|---|---|
| १ | संस्था वा फर्म संचालन भएको अवधि | १५ | |
| १.१ | १-३ बर्ष | १ | |
| १.२ | ३-६ वर्ष | २ | |
| १.३ | ६-९ वर्ष | ३ | |
| १.४ | ९-१२ वर्ष | ४ | |
| १.५ | १२ वर्ष भन्दा माथि | ५ | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १५ | |
| २.१ | पूर्वाधारको अवस्था | ३ | |
| २.२ | सडक सुबिधा भएको | ३ | |
| २.३ | विजुली सुबिधा भएको | ३ | |
| २.४ | खानेपानि सुबिधा भएको | ३ | |
| २.५ | जग्गाको स्वामित्व आफ्नै भएको | ३ | |
| ३ | प्राबिधि दक्षता/सम्बन्धित विषयको तालिम | १५ | |
| ३.१ | ७ दिन सम्मको तालिम | १ | |
| ३.२ | ७-१५ दिन सम्मको तालिम | २ | |
| ३.३ | ३० दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | ३ महिना सम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| ४ | वित्तीय क्षमाता | ४ | |
| ४.१ | साझेदारिको प्रतिबद्धता सामेल भएको | २ | |
| ४.२ | अन्य निकायवाट पनि साझेदारिको प्रतिबद्धता सामेल भएको | २ | |
| ५ | प्रत्यक्ष लाभान्वित संख्या | १५ | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ६-१० जना सम्म | २ | |
| ५.३ | ११-१५ जना सम्म | ३ | |
| ५.४ | १६-२० जना सम्म | ४ | |
| ५.५ | २१ भन्दा बढी | ५ | |
| ६ | वातावरणीय उपयुक्तता | ४ | |
| ६.१ | प्रतावित कार्यक्रमको वातावरणीय प्रभावको आँकालन भएको | २ | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनीकरण उपाय सामेल भएको | २ | |
| ७ | अन्य पक्षहरु | ६ | |
| ७.१ | बिगतमा सम्पादितकाम र प्रस्तावित कार्यक्रम बीच तालमेल भएको | २ | |
| ७.२ | संस्थाको अवस्थिति र प्रस्तावित कार्यक्रम संचालन स्थल बीचको तादात्म्यता | २ | |
| ७.३ | भैरहेको व्यवशाय नभई लगानी गर्न खोजिएको सम्बन्धित नया व्यवसाय | २ | |
| ८ | स्वीकृत कार्यविधी अनुसार थप आधार | २६ | |
| ८.१ | आवेदक संस्थाको किशिम र सुचना मुताविक सम्बन्धित संस्थाको प्राथमिकता | २ | |
| ८.२ | प्राबिधिक र आर्थिक प्रस्तावको गुणस्तर | ८ | |
| ८.२.१ | प्राबिधिक प्रस्तावको गुणस्तर | ४ | |
| ८.२.२ | आर्थिक प्रस्तावको गुणस्तर | ४ | |
| ८.३ | व्यावसायिक योजनाको स्पष्टता | ५ | |
| ८.४ | पेश भएका विवरणको विस्वसनियता | ११ | |
| ८.४.१ | सम्बन्धित वडा कार्यालयको सिफारिस | ४ | |
| ८.४.२ | ५ वर्ष सम्म व्यवसाय संचालन गर्ने प्रतिबद्धता | ५ | |
| ८.४.३ | सम्बन्धित निकायमा दर्ता र नवीकरण | २ | |
| | जम्मा | १०० | |

## साझेदारी कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव पत्र

क. प्राबिधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम: | |
| २ | कार्यक्रम कार्यन्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम र ठेगाना | |
| ४ | सम्पर्क नं. | |
| ५ | आवेदकको संस्था/ फर्म/ कम्पनि/ उद्योग/ व्यवसाय दर्ता नम्बर | |
| ६ | भ्याट/प्यान दर्ता नम्बर | |
| ७ | संस्था स्थापना पश्चातको अवधिमा संचालन वर्ष | |
| ८ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत | |
| ९ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम | |
| १० | सम्बन्धित कार्यालय संग माग लागत | |
| ११ | प्रस्तावित कार्यक्रमको उधेस्य | |
| ११.१ | | |
| ११.२ | | |
| ११.३ | | |
| | | |
| ११.४ | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा बिध्यमान भौतिक पूर्वाधारहरु | | | |
| | सडक सुबिधा(छ/छैन) | | नजिकको बजारको नाम | |
| | कस्तो सडक (कच्ची/पक्कि) | | बजार सम्मको दुरी | |
| | बिजुली सुबिधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | |
| | खानेपानि सुबिधा (छ/छैन) | | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | आफ्नै स्वामित्वको भवन, मेशीनेरी, सवारी साधन, यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्ने | | | |
| | क्र. स | विवरण | ईकाई | अवस्था |
| | | | | |
| | | | | |
| १४ | प्रस्तावित कार्यक्रमवाट लाभ्वान्वित हुनेको संख्या | | | |

| | |
|---|---|
| १५ | प्रस्तावित कार्यक्रम बात सम्पन्न गरिने क्रियाकलापको विवरण |
| | |
| | |
| | |
| | |
| १६ | कार्य समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु |
| | |
| | |
| | |
| | |
| | |

| | | | |
|---|---|---|---|
| १७ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम | | |
| | सि. नं. | सहकार्य गर्ने निकाय | सहकार्य रकम रु |
| | | | |
| | | | |

| | |
|---|---|
| १८ | प्रस्ताविक कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| | |

| | |
|---|---|
| | |
| १९ | आवेदक संग विद्यमान जनसक्तिको विवरण |

| | सि. नं. | जनसक्तिको विवरण | दक्षता(शैक्षिक योग्यता/तालिम) |
|---|---|---|---|
| | | | |
| | | | |

| | | |
|---|---|---|
| २० | संचालित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर | |
| | | |
| | | |
| २१ | वातावरण असर न्यूनीकरण लागि अपनाइने उपायहरु | |
| | | |
| | | |
| | | |
| २२ | प्रस्ताविक कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी | |

ख. आर्थिक प्रस्ताव

| प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको वृस्तृत विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स | मुख्य क्रियाकलापहरु | ईकाइ | परिणाम | प्रति इकाई दर | कुल लागत रकम रु | प्रस्तावकको योगदान रु | माग गरिएको अनुदान रकम रु |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| भ्याट रु | | | | | | | |
| कुल जम्मा रु | | | | | | | |

| माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु, झुठो ठहरिए कानुन बमोजिम सजाय भोग्न तयार छु/छौं । | | |
|---|---|---|
| प्रस्तावकको/संस्थाको जिम्मेवार पदाधिकारीको | | |
| नाम | | सम्पर्क नं.: |
| पद | | |
| हस्ताक्षर | | |
| मिति | | |
| संस्थाको छाप (संस्थाको हकमा ) | | |

आज्ञाले

बिष्णु कुमार थेगुवा

प्रमुख प्रशासकीय अधिकृत